# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लालबन्दी, सर्लाही
प्रदेश नं. २, नेपाल

**वैदेशिक रोजगारबाट फर्किएका तथा जान नपाएका युवाहरूको व्यवसाय प्रवर्द्धनका लागि आवेदन दिने सम्वन्धि सूचना ।**

**प्रकाशित मिति २०७७/१०/२५**

यस लालबन्दी नगरपालिका र ग्रामीण उद्यम तथा विप्रेषण आयोजना (समृद्धि) द्वारा यस लालबन्दी नगरपालिका मा बसोबास गर्ने २०७५ माघदेखि बैदेशिक रोजगारबाट फर्किएका तथा कोभिड महामारीका कारण बैदेशिक रोजगारमा जान नपाएका (१८-४०) उमेर समूहका नेपाली नागरिकहरूलाई स्वरोजगार र उद्यम संचालनबारे क्षमता अभिवृद्धिका लागि निःशुल्क तालिम, नवप्रवर्तन उद्यम सहयोग र अन्य व्यवसाय विकास सेवा प्रदान गर्ने भएकोले उक्त सेवा लिन चाहने ईच्छुक नेपाली नागरिकहरूका लागि यो सूचना प्रकाशन भएको १५ दिन भित्र निर्धारित ढाँचामा आफ्नो विवरण सहित सम्वन्धित वडा कार्यालयमा आवेदन गर्नु हुन सूचित गरिन्छ ।

पुनश्नः प्राप्त आवेदनहरू तपसिलमा उल्लेख भए बमोजिम प्राथमिकताका आधारमा छनौट गरिनेछ ।

प्राथमिकता -१ : २०७६ माघ १ गतेदेखि वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्ति

प्राथमिकता-२ : २०७५ माघ महिनादेखि २०७६ पौष मसान्तसम्म वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्ति प्राथमिकता -३ : २०७६ माघ १ गतेदेखि कोभिड महामारीका कारण वैदेशिक रोजगारमा जान नपाएका व्यक्ति

आवेदनसँग संलग्न गर्नु पर्ने कागजपत्रहरू:

१ नेपाली नागरिकताको प्रतिलिपि १ प्रति

२ पासपोर्टको प्रतिलिपि १ प्रति

देवनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत